
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २२ गते शुक्रबार ❑ 7 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## सत्ता गठबन्धनको ठहर : एमालेको व्यवहार असंसदीय

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

सत्तारुढ गठबन्धनले संसदीय मूल्य र मान्यताविपरीत गएर संसद् अवरोध गर्ने र प्रधानमन्त्रीको राजीनामा माग्ने प्रमुख प्रतिपक्षलगायतका प्रतिपक्षी दलको व्यवहार गैरराजनीतिक र असंसदीय रहेको ठहर गरेको छ।

सामाजिक कुरीतिका रहेको मिटर ब्याजबाट आहात भएका नागरिकलाई राहत दिन सरकारले ल्याएको 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' असफल बनाई प्रतिपक्षले पीडितको विरुद्ध उभिएको निष्कर्षसमेत बैठकले गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको गठबन्धनको बैठकले प्रमुख प्रतिपक्ष नेकपा(एमाले) लगायतका दलले बुधबार सदनमा देखाएको व्यवहार असंसदीय रहेको निष्कर्ष निकाल्दै प्रधानमन्त्रीले राजीनामा दिनु नपर्ने र संसद्मा 'फेस' गर्ने निर्णय गरेको नेकपा(एकीकृत समाजवादी)का उपाध्यक्ष राजेन्द्र पोण्डेले जानकारी दिनुभयो । "प्रधानमन्त्रीले कुनै सन्दर्भमा बोलेको केही विषयमा कोही कसैलाई आपत्ति भए संसद् मा आवाज उठाउन पाइन्छ । तर, उहाँहरु (प्रतिपक्षी) ले जे गर्नुभयो त्यो निर्णय असंसदीय छ", उहाँले भन्नुभयो । यस्तै बैठकले कोशी प्रदेशको मुख्यमन्त्री पदमा नेपाली कांग्रेसका नेता उद्धव थापालाई प्रस्ताव गने निर्णय गरेको छ ।

यसअघि नै गठबन्धनले थापालाई मुख्यमन्त्री बनाउने निर्णय गरिसकेको सन्दर्भमा आज नेकपा (माओवादी केन्द्र)का कोशी प्रदेश संसदीय दलका नेता इन्द्र आङ्बो र नेकपा(एकीकृत समाजवादी) का संसदीय दलका नेता राजेन्द्र राईलाई समेत बोलाएर तत्काल प्रक्रिया अगाडि बढाउन निर्देशन दिइएको छ। यसैगरी मिटरब्याजका सम्बन्धमा पनि आवश्यक प्रक्रिया तत्काल अगाडि बढाउने सहमति भएको नेकपा (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डेलेजानकारीदिनुभयो।"बुधबार एमालेलगायतका अवरोधका कारण पीडित जनतालाई राहत दिने अध्यादेश पारित हुन सकेन । अनावश्यक विषय उचालेर सदन अवरोध गरियो", उहाँले भन्नुभयो, "त्यसलाई पनि शीघ्र अगाडि बढाउने र आवश्यक प्रक्रिया मिलाउने सहमति आजको बैठकमा भएको छ।"

प्रमुख प्रतिपक्षलगायतका दलले के कति दिन सदन अवरोध गर्ने र किन गर्ने भन्ने विषयमा नेपाली जनतालाई पनि स्पष्ट जवाफ दिनुपर्ने एकीकृत समाजवादीका उपाध्यक्ष पाण्डेको भनाइ छ । प्रतिपक्षीलगायतका दल जनताको शोषण गर्ने मिटरब्याजीको पक्षमा उभिएको स्पष्टै देखिएको उहाँको भनाइ छ। माओवादी केन्द्रका मुख्य सचेतक पाण्डेले प्रधानमन्त्रीको कुरा नै नसुनी एकोहोरोरुपमा राजीनामा माग्नु गलत भएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रधानमन्त्रीले राजीनामा दिने कल्पना पनि गर्न सकिँदैन । प्रधानमन्त्रीले सदनमा आफ्ना कुरा राख्नुहुन्छ।" मिटरब्याज पीडितलाई न्याय दिनका लागि सरकार लागिपरेको तथा सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकार दृढताका साथ अगाडि बढ्ने निर्णय आजको बैठकले गरेको पाण्डेले बताउनुभयो । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, उपसभापति एवं उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठलगायतका शीर्ष नेताको सहभागिता थियो ।

## योजना र बजेटको दुरुपयोग हुन दिदैनौ- मन्त्री जुग्जाली

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले योजना र बजेटको दुरुपयोग हुन नदिने प्रतिवद्धता जनाउनुभएको छ।

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत गरेको बजेटको छलफलमा भाग लिने सांसदहरुले मन्त्रालयसँग सम्बन्धीत योजनाका विषयमा उठाएका प्रश्नको जवाफ दिदै मन्त्री जुग्जालीले योजना र बजेट दुरुपयोग हुन नदिने प्रतिवद्धता जनाउनुभयो । "मैले नेतृत्व गरेको मन्त्रालयले भौगोलिक रुपमा पछि परेका ठाउँका योजनालाई प्राथमिकता दिएर बजेट बिनियोजन गरेको छ," उहाँले तथ्याङ्क सहित दावी गर्नुभयो "सांसदमा उठेको जस्तो कसैको व्यक्तिगत र व्यवसायिक स्वार्थ पुरा हुने पलटिङमा जाने, कमिसनमा बेचेका, बाटै नभएका ठाउँमा पुल बनाउन बजेट परेको पाइए कार्यान्वयन हुन दिदैनौ । माननीयहरुले सूचना दिनुहोस बजेटको दुरुपयोग रोक्छौ ।"

बजेट मुख्यमन्त्री र मन्त्रीको निर्वाचन केन्द्रित भएको भन्ने संसादहरुको आरोपको खण्डन गर्दै मन्त्री जुग्जालीले गोरखामा संघीय समपुरक योजना धेरै भएको र कास्कीमा विगतमा ठेक्का लागिसकेका योजनाको सिर्जना भइसकेको दायित्वका कारण बजेटको आकार बढी देखिएपनि समग्रमा सन्तुलित रहेको भन्दै तथ्याङ्क समेत प्रस्तुत गर्नुभएको थियो। नवलपुरमा बजेट कम भएको स्विकार गर्दै त्यसलाई सम्बोधन गरिने बताउनुभयो।

"हामीले यसपाली टुक्रे योजनालाई कटौति गरेर ३० लाख रुपैयाँका थ्रेस होल्ड बनाई अठार सयबाट छ सयमा झारेका छौ," उहाँले भन्नुभयो "हामीले योजनालाई सन्तुलित हिसाबले बजेट बिनियोजन गरेका छौ । घोषणा गरे अनुसार आगामी वर्ष ३०० किलोमिटर सडक कालोपत्र भएन र २५ वटा सडक पुल बनेन् भने यही संसदमा प्रश्न उठाउनुहोला ।" बजेटको आकार बढेको र योजनाको संख्या घटाएर योजना कार्यान्वयनमा सहजता, प्रभावकारी, पारदर्शी र गुणस्तरीय बनाउने प्रयास गरेको उहाँको भनाई थियो। खैरो कोट लगाएर रोष्ट्रममा उभिएका मन्त्री जुग्जालीले केही सांसदहरुले बजेटमा निलो कोट हाबी भएको भनेर लगाएको आरोपको खण्डन गर्नुभयो।

"मन्त्रीले नमान्न सक्छन् भनेर सचिब, महानिर्देशक, उपसचिवबाट योजना छिराउने प्रयास गर्नुभएका माननीयहरुले एक पटक छातिमा हात खारेर सोच्नुहोला तपाईले लगाएको आरोप र गर्नुभएको टिप्पणी सत्य हो की होइन भनेर ?," मन्त्री जुग्जालीले प्रश्नसँगै ठोकुवा गर्नुभयो "मैले नेतृत्व गरेको मन्त्रालयको योजना र बजेट निर्माणमा खैरो कोटनै हाबी छ। भ्रममा नपर्नुहोला।"

विकास र सम्बृद्धिका लागि शुसासन कायम गर्न संघीय सरकारले गरेको प्रयासलाई धन्यवाद दिनुभएका मन्त्री जुग्जालीले बजेटको दुरुपयोग रोक्न र कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सहयोगका लागि सांसदहरुलाई आग्रह गर्नुभएको थियो । आगामी आर्थिक वर्ष २०८०/८१ को लागि असार १ गते गण्डकी प्रदेश सरकारको तर्फबाट अर्थमन्त्री जितप्रकाश आलेले रु. ३३ अर्ब बराबरको बजेट प्रस्तुत गर्नुभएको थियो। अर्थमन्त्रीले प्रस्तुत गरेको बजेटका विषयमा मन्त्रालयगत छलफलसँगै सम्बन्धीत मन्त्रीले जवाफ दिने क्रम जारी छ। गण्डकीमा करिब रु. २० अरब पूजिगत बजेट भएकोमा भौतिक मन्त्रालयको बजेट रु. ११ अरब भन्दा बढी छ।

## पोउवा र हङकङको उवा संघबीच सहयोग आदान-प्रदान सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

पोखरा उद्योग वाणिज्य संघ र नेपाल च्याम्बर अफ कमर्स हङकङबीच आपसी सहयोग आदान -प्रदान गर्ने समझदारी भएको छ।

समझदारी पत्रमा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापति तथा नेपाल च्याम्बर अफ कमर्स हङकङका अध्यक्ष लवकुमार गुरुङले हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार दुई उद्योग वाणिज्य संघबीच आपसी भ्रमण आदान-प्रदान गर्ने,पोखरा उद्योग वाणिज्य संघले आयोजना गर्ने राष्ट्रिय औद्योगिक व्यापार मेलालाई सघाउने,पोखरामा गण्डकीका उत्पादनहरु प्रदर्शनीको लागि पोउवा संघले निर्माण



गर्न लागेको कोसेली घरलाई सघाउनेलगायतका विषयहरु समेटिएको पोउवा संघका अध्यक्ष पवनकुमार प्रजापतिले जानकारी दिए । उनका अनुसार पोउवा संघ र नेपाल च्याम्बर अफ कमर्स हङकङसँग सन् २०१८ मा नै आपसी सहयोग आदान-प्रदानसम्बन्धी समझदारीमा हस्ताक्षर भएको थियो । नेपाल च्याम्बर अफ कमर्सको १५ औं वार्षिकोत्सवमा विशेष अतिथिको रुपमा हङकङ पुगेका अध्यक्ष प्रजापतिले केही बुँदाहरु थप गरी पुन सम्झौतालाई नवीकरण गरिएको हो ।

यही असार १३ गते आयोजित नेपाल च्याम्बर अफ कमर्सको वाषिर्कोत्सव समारोहमा अध्यक्ष प्रजापतिसहित उद्योग उपाध्यक्ष देवेन्द्र केसी,उपमहासचिव शोभा गौतम कार्यसमितिका सदस्यहरु सुदीप प्रधानाङ्ग,भीम गौतम,सुदीप ओझा,जीवनप्रकाश श्रेष्ठ,सौगात थापा,लेखनाथ सुवेदी र लीलाधर चपाईंले सहभागिता जनाएका थिए । वार्षिकोत्सव समारोहसँगै नेपाल च्याम्बर अफ कमर्सले दुई उवा संघबीचको अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरेको थियो । सो कार्यक्रममा बोल्दै अध्यक्ष प्रजापतिले हङकङमा रहेका व्यवसायीहरुलाई गण्डकी र खासगरी पोखरालाई केन्द्रमा राखी लगानी गर्न आग्रह गरेका थिए । अध्यक्ष प्रजापतिसहितको भ्रमण दल स्वदेश फिर्ता भइसकेको छ ।

## एसइईमा माथिल्लो ग्रेड ल्याउने विद्यार्थी बढे

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

राष्ट्रिय परीक्षा बोर्ड मातहतको परीक्षा नियन्त्रण कार्यालयले विसं २०७९ को माध्यमिक शिक्षा परीक्षा (एसइई) कक्षा १० को परीक्षाफल प्रकाशित गरेको छ।

माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) को परीक्षाफलमा अघिल्लो वर्षको तुलनामा संवत् २०७९ को परीक्षामा माथिल्लो ग्रेड (स्तरीकृत अङ्क) ल्याउने विद्यार्थीको सङ्ख्या सुधारोन्मुख रहेको पाइएको छ । प्रकाशित नतिजाअनुसार तल्लो ग्रेड ल्याउने विद्यार्थी घट्दो र माथिल्लो ग्रेड ल्याउने विद्यार्थी बढ्दो पाइएको हो ।

अघिल्ला वर्षमा कोभिड- १९ का कारण भौतिक माध्यमबाट पढाइ नभएको र विद्यार्थीले पर्याप्त तयारी गर्न नपाएकाले नतिजा कमजोर रहेकामा हाल नियमित पठनपाठनले त्यसमा सुधार आएको विश्लेषण गरिएको छ। राष्ट्रिय परीक्षा बोर्डका अनुसार जिपिए शून्य दशमलव ८० देखि १ दशमलव २० ग्रेड ल्याउने २२ हजार विद्यार्थी अर्थात् शून्य दशमलव ४५ प्रतिशत देखिएका छन्। संवत् २०७८ को परीक्षाको परीक्षाफलमा यस ग्रेडमा शून्य दशमलव ६६ प्रतिशत विद्यार्थी थिए । जिपिए एक दशमलव २० देखि एक दशमलव ६० सम्ममा यसवर्ष ३८ हजार सात सय ७७ अर्थात् सात दशमलव ९९ प्रतिशत विद्यार्थी छन् भने गत वर्ष नौ प्रतिशत थिए । जिपिए एक दशमलव ६० देखि दुईसम्म प्राप्त गर्ने यसवर्ष ८८ हजार चार सय ४७ अर्थात् १८ दशमलव २४ विद्यार्थी छन् भने गतवर्ष २० दशमलव ३० प्रतिशत थिए । जिपिए दुईदेखि दुई दशमलव ४० सम्म यसवर्ष एक लाख २२ हजार ९३ विद्यार्थी अर्थात् २१ दशमलव ०९ विद्यार्थी छन् भने गत वर्ष २३ प्रतिशत थिए । जिपिए दुई दशमलव ४० देखि दुई दशमलव ८० सम्म ल्याउनेमा यसपटक ८९ हजार तीन सय ३१ अर्थात् १८ दशमलव ४२ छन् भने गतवर्ष १८ दशमलव ३१ प्रतिशत थिए । जिपिए दुई दशमलव ८० देखि ३ दशमलव २० सम्ममा ७२ हजार तीन सय ६२ अर्थात् १४ दशमलव ९२ प्रतिशत विद्यार्थी छन् भने गत वर्ष १४ दशमलव १९ प्रतिशत थिए । जिपिए तीन दशमलव २० देखि तीन दशमलव ६० ग्रेड ल्याउने ५५ हजार ६९ अर्थात् ११ दशमलव ३६ प्रतिशत छन् भने गत वर्ष ८ दशमलव ४० प्रतिशत थिए । जिपिए ३ दशमलव ६० देखि चार प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या यसवर्ष २२ हजार चार सय ७५ अर्थात् चार दशमलव ६३ प्रतिशत छ भने गतवर्ष एक दशमलव ९४ प्रतिशत विद्यार्थी थिए। यसवर्ष ननग्रेडेड हुनेमा १३ हजार नौ सय ९२ अर्थात् दुई दशमलव ८९ प्रतिशत विद्यार्थी छन् । परीक्षामा चार लाख ८४ हजार नौ सय ३९ नौ विद्यार्थी रहेकामा चार सय ३१ विद्यार्थीको परीक्षा रद्द गरिएको छ भने दुई सय ९० विद्यार्थीको परीक्षाफल स्थगन गरिएको बोर्डले जनाएको छ।

अक्षराङ्कन पद्धतिबमोजिम ९० देखि १०० प्रतिशत प्राप्ताङ्क हुनेलाई ए प्लस, ८० देखि ९० भन्दा कम अङ्क प्राप्त गर्नेलाई ए, ७० देखि ८० भन्दा कम प्राप्ताकङ् हुनेलाई बी प्लस, ६० देखि ७० भन्दा कम प्राप्ताकङ् हुनेलाई बी, ५० देखि ६० भन्दा कम प्राप्ताकङ् हुनेलाई सी प्लस, ४० देखि ५० भन्दा कम प्राप्ताकङ् हुनेलाई सी, ३० देखि ४० भन्दा कम प्राप्ताकङ् हुनेलाई डी प्लस, २० देखि ३० प्राप्ताकङ् हुनेलाई डी तथा २० भन्दा कम प्राप्ताकङ् हुनेलाई ई ग्रेड प्रदान गरिन्छ। राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले परीक्षा प्रणालीको सुधार र कक्षाकोठाको वातावरणमा सुधार आएमा नतिजामा सुधार आउने भन्दै समग्र नतिजाको मूल्याकङ्कनबारे विस्तृत अध्ययनपछि के आधारमासुधारआयोभन्नसकिने बताउनुभयो। उहाँले सामुदायिक र संस्थागत विद्यालयका आधारमा नतिजालाई तुलना गरेर विद्यार्थीबीच विभेद सिर्जना नगरिने स्पष्ट पार्नुभयो।

बोर्डका सदस्यसचिव दुर्गाप्रसाद अर्यालले समग्रमा गत वर्षभन्दा यसवर्षको नतिजा सकारात्मक रहेको बताउनुभएको हो। अक्षराकङ्न पद्धतिमा नतिजा प्रकाशन गर्दै आएको बोर्डले विषयगत र प्रदेशगत परीक्षाफलको नतिजा पनि पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ । बोर्डले मौका परीक्षा साउन महिनाको अन्तिममा सञ्चालन गर्नेछ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फर्मास्युटिकल एसोसियसन गण्डकीमा पौडेल

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

नेपाल फर्मास्युटिकल एसोसिएसन (एनपिए) गण्डकी प्रदेशको अध्यक्षमा वरिष्ठ फर्मासिस्ट उपप्राध्यापक प्रकाश पौडेल निर्वाचित भएका छन् ।

औषधि विज्ञानको पुरानो संस्थाको रुपमा रहेको एसोसिएसनको पोखरामा सम्पन्न प्रथम अधिवेशनले पौडेललाई अध्यक्षमा निर्वाचित गरेको हो । पोखरा महानगरपालिका २५ हेमजा स्थित सुब्बाथर घर भएका उपप्राध्यापक पौडेल गण्डकी विश्वविद्यालय अर्न्तगत औषधि विज्ञान संकायका संयोजक समेत हुन् । एसोसिएसनको विधान अनुरुप देशका सातै प्रदेशमा कार्यसमिति चयन गर्ने कार्यक्रम अनुसार गण्डकीमा चयन भएको कार्यसमितिको उपाध्यक्षमा



नवराज बाँस्तोला, सचिवमा विजय त्रिपाठी, कोषाध्यक्षमा कुशल सुवेदी र सदस्यहरुमा शोभित पौडेल, युवराज पौडेल सगै महिला सदस्यमा अमृता अधिकारी निर्वाचित भएकी छिन् । नयाँ नेतृत्व चयनका लागि अध्यक्ष पदमा मतदान भएको थियो भने बाँकी अन्य पदहरुमा निविरोध भएको थियो ।

कार्यसमिति चयनका लागि अधिवक्ता नारायण प्रसाद तिवारीको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको थियो । निर्वाचित कार्यसमितिका पदाधिकारी एंव सदस्यहरुलाई निर्वाचन संयोजक तिवारी सगै नेपाल फर्मास्यूटिकल एसोसिएसनका केन्द्रिय अध्यक्ष ललितमोहन पन्त, महासचिव संजिव कट्टेल, प्रचार सचिव अनिश श्रेष्ठ र नेपाल फार्मेसी फार्मेसी परिषद (एनपिसि) का रजिस्ट्रार संजिव पाण्डे लगायतले प्रमाणपत्र प्रदान गरेका थिए ।

नेपाल फार्मेसी परिषद्को स्थापना, फर्मास्यूटिकल जर्नलको प्रकाशन, औषधि व्यवस्थापन सम्बन्धी तालिम, हस्पिटल फार्मेसी र कम्युनिटि फार्मली सम्बन्धी कार्यशालाको आयोजना, औषधि विज्ञान विषयका विद्यार्थीलाई व्यवाहारिक तालिम जस्ता औषधि विज्ञानको विषयमा प्राविधिक सेवा पुरयाउनुका साथै फर्मासिष्टको पेशागत हक हितको क्षेत्रमा काम गर्दै आएको औषधी विज्ञानको विभिन्न क्षेत्रमा कार्यरत जनशक्तिको वैधानिक छाता सङ्गठनको स्थापना वि.सं. २०२८ मा भएको थियो । २०८० सालमा देशका सात ओटै प्रदेशमा प्रादेशिक तथा डिप्लोमा फोरम कार्यसमिति गठन भएको हो ।

# मादीमा पहिराले दुई परिवार विस्थापित

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

कास्कीको मादी गाउँपालिकामा अविरल वर्षापछिको पहिराले दुई घर परिवार पूर्णरुपमा विस्थापित भएका छन् । चार घर जोखिममा परेका छन् ।

मादीको वडा नं ६ का पाँच र वडा नं २ मा एक परिवार पहिराको जोखिममा परेको गाउँपालिकाले जनाएको छ । यही असार १९ गतेको अविरल वर्षाले मादी-६ को काहुँखोला-दूधपोखरी सडकको दोस्रो खण्डमा सजुक भेडीखर्क टोलको भेडीखर्क चोकमा पाँच परिवारको छ घरलाई पहिराले जोखिम पुऱ्याएको हो । अविरल वर्षापछि घरसँगैको सडक पहिराले लैजाँदा स्थानीय कमलापति बरालको दुई घर र दीपक बरालको एक घर एक गोठमा क्षति पुगेको छ ।

यी दुवै परिवार विस्थापित भएर आफन्त तथा समाजघरमा आश्रय लिएको सोही वडाका वडाध्यक्ष डिलबहादुर क्षेत्रीले बताउनुभयो । त्यसैगरी स्थानीय शमसेर पाण्डेको एक घर, भगवानसिंह गुरुङको एक घर एक गोठ र विष्णुमाया घर्तीको एक घर र एक गोठ जोखिममा परेको वडाध्यक्ष क्षेत्रीले घर जोखिममा परेकालाई उचित व्यवस्थापनका लागि गाउँपालिकामा सिफारिस गरिएको जानकारी दिनुभयो ।

वडाध्यक्ष क्षेत्रीले भन्नुभयो, "पहिराले विस्थापित परिवारलाई आफन्त तथा समाजघरमा राखिएको छ । प्रभावितको व्यवस्थापनका लागि गाउँपालिकामा सिफारिस गरेका छौं ।" गाउँपालिका अध्यक्ष देवीजङ्ग गुरुङले पहिराले पीडित परिवारलाई गाउँपालिकाबाट राहत प्रदान गरिने बताउनुभयो । उहाँले विस्थापितलाई वैकल्पिक बसोबासका लागि पहल भइरहेको जानकारी दिनुभयो । अध्यक्ष गुरुङले भन्नुभयो, "विस्थापित परिवारलाई पालिकाबाट राहत दिन्छौं । प्रदेश तथा सङ्घीय सरकारसँग समेत समन्वय गरी एकै दिन एउटै कार्यक्रम गरेर नियमानुसार उचित राहत प्रदान गर्नेछौं ।"

अविरल वर्षा तथा पहिराका कारण मादीका अन्य वडामा समेत क्षति पुगेको बताइन्छ । विशेष गरी ग्रामीण सडकमा पहिराले क्षति गराएको छ ।


## धितोमा रहेको अचल सम्पत्ति लिलामी बिक्री गरिने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/०३/२२ गते शुक्रबार**

यस सहकारी सस्थाबाट ऋण लिई उपभोग गरेको ऋणको साँवा, ब्याज र हर्जनाको रकम यस सहकारीसँग भएको ऋणको शर्त तथा बन्देज बमोजिम बुझाउनु पर्नेमा पटक पटक मौखिक एवं लिखित रुपमा सम्बन्धित ऋणीलाई ताकेता तथा जानकारी गर्दा समेत ऋणको साँवा, ब्याज र हर्जनाको रकम नबुझाई ऋण सम्बन्धी शर्त तथा बन्देज उल्लघंन गर्नुका साथै यस सहकारी संस्थाको ऋण भुक्तानीतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको देखिएको हुदाँ सम्बन्धित ऋणी र जमानीको जानकारीको लागि तथा बाँकी रहेको तिनुपर्ने रकम भुक्तानीको लागि यो सूचना प्रकाशित गरिएको छ । ऋणको किस्ता भुक्तानी सम्बन्धमा यस अघि पनि मिति २०८०/०१/२२ गते पब्लिक आवाज साप्ताहिक पत्रिकामा ऋणको किस्ता भुक्तानी गर्न ३५ दिनको समयावधि दिई अनुरोध गरिएको र भुक्तानी नगरेमा धितो लिलामी गरिने बारे सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा स्मरण गराउँदै तथा निजहरुले सो सूचना बमोजिम भुक्तानी नगरेकोले पून आज यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** अर्थात **मिति २०८०/०४/२६** गते शुक्रबारसम्म तपशिलको ऋणी र जमानीहरुले अबिलम्ब यस सहकारी सस्थामा सम्पर्क राखी उक्त ऋणको तपसील बमोजिम तिर्न बाँकी सम्पूर्ण रकम चुक्ता भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ अन्यथा सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५, यसै संस्थाको ऋण नीति २०७७ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी र जमानीहरुलाई कालो सूचीमा राखी ऋणीले यस सहकारी संस्थालाई लेखि दिएको धितो सुरक्षणमा रहेको तपसिलमा लेखिएको सम्पत्ति जहाँ जे अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरी आफ्नो लेना रकम असुल गरिने जानकारी सम्बन्धित ऋणी तथा जमानीहरुलाई जानकारी गरिन्छ ।

**तपशिल :**

**तिर्न बाँकी ऋण – (मिति २०८०/०३/०८ सम्मको)**

| क्र.सं | साँवा रु. | ब्याज रु. | हर्जना रु. | कुल रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १८,५३,५२९/- | २,४३,१४३/- | ३५,२९२/- | २१,३१,९६४/- | धितो अन्तर्गतको ऋण |
| २ | १,७९,६४६/- | १४,९६२/- | ५,२७६/- | १,९५,८८४/- | सामुहिक जमानीमा लिएको ऋण |
| जम्मा | २०,३३,१७५/- | २,५८,१०५/- | ४०,५६८/- | २३,३१,८४८/- | कुल रकम रु. |

**(अक्षरुपी तेईस लाख एकतीस हजार आठ सय अट्चालीस रुपैयाँ मात्र ।)**

**ऋणी र जमानीको विवरण**

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| **नामः कमला के.सी.**<br>**ठेगानाः** भीरकोट १ (साबिकको दहथुम-२) दार्सीङ्ग<br>**ना.प्र.प.नं.**:६१७१६<br>**जारी मिति** : २०५७/०९/०९ (स्याङ्गजा)<br>**पतिको नामः** गणेश बहादुर के.सी.<br>**ससुराको नामः** गोविन्द बहादुर के.सी. | १) **नामः– कोपीला खत्री के.सी.**<br>**पतिको नामः** हरि बहादुर के.सी.<br>**ठेगानाः** भीरकोट १ (साबीकको दहथुम-२) दार्सीङ्ग<br>**ना.प्र.प.नं.**: ४२-०१-७०-०३०६८<br>**जारी मिति** :२०७०/०९/०३ गते (स्याङ्गजा)<br><br>२) **नामः** गणेश बहादुर के.सी.<br>**बाबुको नामः** गाविन्द बहादुर के.सी.<br>**ठेगानाः** भीरकोट-१ (साबिकको दहथुम-२) दार्सीङ्ग<br>**ना.प्र.प.नं.**: १३०६९ **जारी मिति** : २०५०/०५/२३ स्याङ्गजाबाट |

**धितोको विवरणः–**

| जग्गाधनीको नाम,थर | कित्ता नं. | ठेगाना | क्षेत्रफल | किसीम |
|---|---|---|---|---|
| भिरकोट वडामौला गुठी रैतान नम्वरी कमला के.सी. | १०८८ | भीरकोट न.पा.१ साबीकको दार्सिङ्ग दहथुम - २ | ०.३.१.२ | खे.सी. |

**श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

**Shree Shuvalaxmi Saving & Credit Co-Operative Ltd.**

भीरकोट न.पा.१,बयरघारी,स्याङ्गजा

सम्पर्क नं.:०६३-४००१२१, ०६३-४००१२२, ९८५६०६६६२९

ईमेल ठेगानाः shuvalaxmi.saving29@gmail.com



## ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८०/०३/२२)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५(पैंतिस) र १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको विवरण |
|---|---|---|
| १ | • गोविन्द सुवेदीको बुहारी ओम प्रसाद गौतमको छोरी लक्ष्मी प्रसाद सुवेदीको श्रीमती कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने<br>**ऋणी : चुनमाया सुवेदी**<br>• अग्निधर दाहालको बुहारी भानुभक्त अधिकारीको छोरी लीलाधर दाहालको श्रीमती कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १८ बस्ने<br>**धन जमानत : चुनमाया दाहाल**<br>• कर्णाखर सुवेदीको नाति गोविन्द सुवेदीको छोरा कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने<br>**धन जमानत : लक्ष्मी प्रसाद सुवेदी** | **चुनमाया दाहाल र चुनमाया सुवेदी**को संयुक्त नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ४९९ क्षेत्रफल ०-७-२-० (रोपनी) र ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ५०० क्षेत्रफल ०-१५-२-० (रोपनी) को जग्गा । |
| २ | • नर बहादुर थापाको बुहारी लक्ष्मण थापाको छोरी राम बहादुर थापाको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**ऋणी : तारा थापा**<br>• बल बहादुर थापाको नाति नर बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**धन जमानत : राम बहादुर थापा**<br>• नर बहादुर थापाको नाति राम बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने<br>**धन जमानत : अर्जुन थापा** | **तारा थापा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको जामुने गा.वि.स. वडा नं. ९ सीट नं.९ क कित्ता नं. २८५ को क्षेत्रफल २-०-०-० को जग्गा । |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933

E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

Service Center:
•Dulegaunda, Tanahun ☎ 065-4114490
•Bhandradhik, Kaski ☎ 061-561775
•Mohoriya, Kaski ☎ 061-560903


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने मरेसम्म श्रम गर्नुहोस् ।

– सास सिभोसन

## सम्पादकीय

# संसदीय मान्यता विपरीत सभामुख

कोशी प्रदेश सरकार गठनको प्रक्रियामा सभामुख बाबुराम गौतमले आफ्नो पदीय मर्यादा बिर्सेर गठबन्धन सरकारलाई समर्थन गरेका छन् । कांग्रेस नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउन माग गर्दै प्रदेश प्रमुखलाई दिएको पत्रमा सभामुख गौतमले हस्ताक्षर गरेका छन । कांग्रेस, माओवादी केन्द्र, नेकप एकीकृत समाजवादी र जसपाको बहुमत नपुग्ने भएपछि सभामुखले पनि हस्ताक्षर गरेर तटस्थ रहनुपर्ने पदलाई सरकारको कठपुतली बनाएका छन । माओवादी केन्द्रबाट निर्वाचित सांसद भए पनि अहिले कोशी प्रदेशका सभामुख भएपछि तटस्थ रहने वाचा तोडेका छनानेपाली उखान बुढी मरी भन्दा पनि काल पल्क्यो भनेर चिन्ता गर्नु भनेझैं संसदीय मूल्यमान्यता तोडिएको छागठबन्धनले सबै मूल्यमान्यता तोडेर सत्ताको लागि प्रदेश प्रमुख र सभामुखको गरिमा घटाउने काम गरेका छन ।

सभामुखको भूमिकालाई संविधानको धारा १८६ मा किटानी व्यवस्था गरिएको छ । 'प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन । तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ,' संविधानको उक्त धारामा भनिएको छ । सभामुख गौतमले आफू सभामुखमा निर्वाचित भएपछि प्रदेशसभालाई सम्बोधन गर्दै 'मैले निष्पक्षताको पदमा आशिन हुँदै गर्दा मेरो हालसम्म रहेको दलसँगको आबद्धता यो सभामुख पदको भूमिका निर्वाह गर्ने कार्यकालसम्म आजैको मितिदेखि अलग भएको समेत यस गरिमामय सभा समक्ष घोषणा गर्दछु' भनेका थिए । गौतमको भनाइ र संविधान विपरीत गरेको हस्ताक्षरले पदमा पुगेपछि ढाँट्ने काम मात्र गर्छन भन्ने छाप परेको छ कोशीका सभामुखको भूमिकालाई लिएर नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले असन्तुष्टि व्यक्त गरेका छन् । 'प्रदेश संसद्को सभामुख संलग्न भएको दलको समर्थनमा सरकार निर्माण हुने प्रक्रियामा सो दलले आफ्नो सदस्य संख्यामा सभामुखलाई समेत गणना गरी पठाउने कुराको संवैधानिक व्याख्या छैन ।

तर सभामुख आफैँले हस्ताक्षर गरेर सरकार गठनमा समर्थन रहेको कुरा लिखित रुपमा पेस गरेको अवस्था हो भने यस्तो कार्य संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक संसदीय पद्धतिको सिद्धान्त विपरीत हुन जान्छ,' कोइरालाले सामाजिक संजाल फेसबुकमा प्रतिक्रिया दिँदै भनेका छन् । सभामुखको संवैधानिक भूमिका भनेको व्यवस्थापिका संसदको कार्य संचालन गर्नु र अध्यक्षता गर्नु हो भन्ने पनि प्रस्ट पारेका छन् । 'यदि संसदमा पेस भएका विषयमा मतदान भएको अवस्थामा मत बराबर भएमा निर्णायक मत जाहेर गर्नेबाहेक कार्यपालिका गठन, विघटन र समर्थनमा सक्रिय रही हस्ताक्षर गर्नु संसदीय लोकतन्त्रको मर्यादा, अभ्यास र कानुनी शासनको विपरीत हुन जान्छ,' कोइरालाले भनेका छनाजुन उदेश्यका लागि नेपाली काङ्ग्रेस गठन भएको थियो ती सबैलाई भुलेर सत्ताको लागि नाङ्गै भएको छा

कोशी प्रदेशमा कांग्रेस, माओवादी, समाजवादी र जसपाको गठबन्धनले सभामुखसमेत गनेर बहुमतको दाबी गर्नु सरासर अनैतिक र अराजनीतिक हो । एक पटकको सरकार बनाउन संविधानलाई नै कुल्चिन संविधान नमान्नेलाई सघाउनु हो । 'सभामुखले सरकार गठन गर्ने, सरकार पक्षमा बस्ने संसारमा नभएको अनौठो हो । अब सभामुखले कसरी तटस्थ भूमिका खेल्न नसक्ने संकेत देखिन्छ । एउटा कानुन छल्न अर्को गल्ती भएको छ । सरकार गठनका लागि संख्यामा गणना गर्न संविधान, कानुन, संसदीय मूल्य, मान्यता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सिद्धान्त एवम् अभ्यास विपरीत हुने र स्वयम् सभामुखको गरिमामा समेत गम्भीर प्रश्न उठेको छ । संसदीय मूल्यमान्यता नमान्नेले सभामुख छाडेर कार्यकारी पदमा जान सकिने ठाउँ छ । एउटै व्यक्ति एकै पटक वकिल र न्यायाधीश हुन नसकिने हुँदा कोशीका सभामुख पद त्याग् गरेर संसदीय मूल्यमान्यता कायम गर्नसहज वातावरण बन्नेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भन्नुहोस् ।

प्रदेश सरकार

**पर्यटन, उद्योग तथा आपूर्ति मन्त्रालय**

**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**गण्डकी प्रदेश, पोखरा**

**फर्म बन्द सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/२१

यस कार्यालयबाट मिति २०७८/०६/०८ मा कास्की जिल्ला पोखरा-४ मा संचालन गर्ने गरी पोखरा-३३, कास्की निवासी सुनिता अधिकारीको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. २१२३०/०७८/०७९ को हेल्लो मोबाइल मर्मत सेवा नामक फार्मका प्रोप्राईटरले मिति २०८०/०३/२१ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. २५ हेमजा स्थित मेलबोटमणि त्रिवेकोट पर्यटन पूर्वाधार कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः मेलबोटमणि त्रिवेकोट पर्यटन पूर्वाधार

ठेगानाः पोखरा-२५, हेमजा, कास्की

योजना सुरु मितिः २०८०/०२/०७ गते

योजना सम्पन्न भएको मितिः २०८०/०२/१८ गते

योजनाको कुल लागतः रु. १७,००,०००/-

पोखरा महानगरपालिकाबाटः रु. १७,००,०००/-

उपभोक्ता समिति अध्यक्षः विशालजंग कुँवर (मो.९८५६०३३३४७)

उपभोक्ता समित संख्याः १३ जना महिला ४, पुरुषः ९जना

**रुद्र महादेव मन्दिर निर्माण तथा व्यवस्थापन समिति पोखरा-२५, हेमजा, कास्की**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १९ काउरे स्थित अम्बरेश्वर तक्मेल सिक्लेस पर्यटकीय जैविक पद मार्ग/ हनुमान मन्दिर निर्माण निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः अम्बरेश्वर तक्मेल सिक्लेस पर्यटकीय जैविक पद मार्ग/ हनुमान मन्दिर निर्माण

ठेगानाः पोखरा-१९, काउरे

योजना सम्झौता मितिः २०८०/१/०७ गते

योजना सुरु मितिः २०८०/१/०८ गते

योजना सम्पन मितिः २०८०/३/१५ गते

योजनाको कुल लागतः रु. २२,२३,०५४/-

महानगरपालिकाबाटः रु. २०,००,०००/-

जनसहभागिताः रु. २,२३,०५४/-

समितिको अध्यक्ष : उमराज बास्तोला (मो. ९८५६०२७२२७)

जम्मा सदस्य संख्याः ७ जना महिला ३ जना, पुरुषः ४जना

**अम्बरेश्वर तक्मेल सिक्लेस पर्यटकीय जैविक पद मार्ग/ हनुमान मन्दिर निर्माण उपभोक्ता समिति पोखरा-१९, काउरे**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १५ रातीखहरेमा तटबन्ध निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः राती खहरे तटबन्ध खोला नियन्त्रण

ठेगानाः पोखरा-१५, राती खहरे

योजना सुरु हुने मितिः २०८०/१/१६ गते

योजना सम्पन्न मितिः २०८०/३/२० गते

योजनाको कुल लागतः रु. १५,००,०००/

जम्मा खर्चः रु. १५,०२,८६९/९६

महानगरपालिका : रु. १५,००,०००/

समितिको अध्यक्ष : शिव बहादुर बानीया कोषाध्यक्षः हरी कुमारी मल्ल, सचिवः डोलेन्द्र मल्ल, उपाध्यक्षः लक्ष्मण जीसी सदस्य : जमुना घर्ती, निर्मला अछामी, बुद्धी ब.बानीया

**राती खहरे तटबन्ध खोला नियन्त्रण उपभोक्ता समिति पोखरा-१५, कास्की**

# ज्येष्ठ नागरिकलाई घरमै पुगेर सम्मान

पोखरापत्र संवाददाता

वालिङ, २१ असार

स्याङ्जाको वालिङ नगरपालिका-८ ले चौरासी वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई बुधबार सम्मान गरेको छ । वडा अध्यक्षसहित जनप्रतिनिधि तथा कर्मचारीले ज्येष्ठ नागरिकको घरदैलोमै पुगेर सम्मान गरेका हुन् ।

ज्येष्ठ नागरिकलाई वडाबाट सम्मानस्वरुप यस वर्ष झुल, ' हर्लिक्स' र फलफूल उपलब्ध गराएको वडाअध्यक्ष दामोदर तिवारीले बताउनुभयो । "समाजको अभिभावककारुपमा रहनुभएका ज्येष्ठ नागरिकलाई सम्मानस्वरुप झुल, हर्लिक्स र फलफूल घरघरमै पुगेर उपलब्ध गराएका हौँ", उहाँले भन्नुभयो, "घरघरमै पुग्दा ज्येष्ठ नागरिकको अवस्थाकाबारेमा जानकारी लिनुका साथै उहाँहरुको अनुभव तथा सुझाव पनि सङ्कलन गर्न पायौँ ।"

वडाबासीको सुख दुःखमा वडा कार्यालय वा जनप्रतिनिधिहरु सँगै छन् भन्ने अनुभूति दिलाउनका लागि पनि नागरिकको घर दैलोमै पुगेर उक्त सामग्रीहरु उपलब्ध गराएको उहाँले बताउनुभयो ।

ज्येष्ठ नागरिकलाई लक्षित गरी विगतका वर्ष स्वास्थ्यकर्मीसहित घरमै पुगेर स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरेको वडा सचिव प्रेमनारायण सुवेदीले बताउनुभयो । वडा कार्यालयका अनुसार चौरासी वर्ष पूरा भएका २८ ज्येष्ठ नागरिक छन् । "वडाको तथ्याङ्कमा रहनुभएका २८ जनामध्ये हाल वडाभित्रै बसोबास गर्नुभएका २२ जनालाई सम्मानस्वरुप उक्त सामग्री उपलब्ध गराएका हौँ", वडा सचिव सुवेदीले भन्नुभयो ।

मत दिएर जिताएका जनप्रतिनिधि घरदैलोमै आएर सम्मान गर्दा खुसी लागेको वालिङ-८ कँडेलगाउँका पूर्णचन्द्र कँडेलले बताउनुभयो । "जनप्रतिनिधिले बूढा भएर बसेका वृद्धवृद्धालाई घरघरमै आएर भेट्ने, दुःखसुखका कुरा सुन्ने गर्नु राम्रो पक्ष हो", उहाँले भन्नुभयो, "आफ्नै दैलोमा जनप्रतिनिधिबाट सम्मानित हुन पाउनु एउटा सुखद अवसर हो ।" वडा कार्यालयले वृद्धवृद्धालाई ख्याल गर्दै वर्षेपिच्छे फरक कामलाई निरन्तरता दिँदै जानुपर्ने उहाँले सुझाव दिनुभयो ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ११ स्थित उत्तर तर्फ टेलिकम चोक व्यारेक ट्याक्सी स्याण्ड अगाडि ब्लक विच्छाउने निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः टेलीकम चोक व्यारेक अगाडि ट्याक्सी स्याण्डमा ब्लक विच्छाउने

ठेगानाः पोखरा-११, रानीपौवा, कास्की

योजना सम्झौता मितिः २०८०/०२/२१ गते

योजना सुरु मितिः २०८०/०२/२१ गते

योजना सम्पन्न भएको मितिः २०८०/०३/२० गते

योजनाको कुल लागतः रु. १७,६४,८०२/-

पोखरा महानगरपालिकाबाटः रु. १५,००,०००/-

जनसहभागिताः रु.२,६४,८०२/-

उपभोक्ता समितिको अध्यक्ष : देवेन्द्र कुमार पालिखे

**टेलीकम चोक व्यारेक अगाडि ट्याक्सी स्याण्डमा ब्लक विच्छाउने उपभोक्ता समिति पोखरा-११, रानीपौवा, कास्की**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. २१ स्थित लेवाड पुरानो साम्मी कात्तिके पानी सडक स्तरउन्नती कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः लेवाड पुरानो साम्मी कात्तिके पानी सडक स्तरउन्नती

ठेगानाः पोखरा-२१, कास्की

योजना सम्झौता मितिः २०८०/०२/२१ गते

योजना सुरु मितिः २०८०/०२/२२ गते

योजना सम्पन्न भएको मितिः २०८०/०३/२१ गते

योजनाको कुल लागतः रु. २४,५९,७४६/९३

पोखरा महानगरपालिकाबाटः रु. २२,०९,०००/-

जनश्रमदानः रु. २,५०,७४६/९३

उपभोक्ता समितिको अध्यक्ष : बिमलप्रसाद पौडेल मो.९८४६०६३८२७

जम्मा सदस्य संख्या ९ जनाः महिलाः ४ पुरुषः ५ जना

अनुगमन समिति संयोजकः गंगादत्त पौडेल

**लेवाड पुरानो साम्मी कात्तिके पानी सडक स्तरउन्नती उपभोक्ता समिति पोखरा-२१, कास्की**

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. ९ स्थित साँघुमुखमा पालिखेचोकदेखि साँघुमुखसम्म ढल पूनः निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः पालिखेचोकदेखि साँघुमुखसम्म ढल पूनः निर्माण

ठेगानाः पोखरा-९, कास्की

योजना सम्झौता मितिः २०७९/०९/२४ गते

योजना सम्पन्न भएको मितिः २०८०/०३/१५ गते

योजनाको कुल लागतः रु. ५२,९४,११७/-

पोखरा महानगरपालिकाबाटः रु. ४५,००,०००/-

जनसहभागिताः रु. ७,९४,११७/-

जम्मा खर्चः रु. ५०,२९,५३१/-

उपभोक्ता समितिको अध्यक्ष : रोशन महर्जन

उपभोक्ता समिति सदस्यः ९ जना, महिला सदस्यः ३ जना

**पालिखेचोकदेखि साँघुमुखसम्म ढल पूनः निर्माण उपभोक्ता समिति पोखरा-९, कास्की**

# आर्थिक विधेयकमाथि छलफल

पोखरापत्र संवाददाता

पोखरा, २१ असार

गण्डकी प्रदेशसभाको आजको बैठकमा आर्थिक विधेयक-२०८० माथि छलफल भएको छ। प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले प्रदेशसभामा विधेयकका सम्बन्धमा छलफलका लागि प्रस्ताव गर्नुभएको थियो ।

उक्त विधेयकमाथिको छलफलमा प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, सीताकुमारीसुन्दासलगायतले भाग लिनुभएको थियो । छलफलका क्रममा सदस्यहरुबाट उठेका प्रश्नको आर्थिक मामिलामन्त्री आलेमगरले जवाफ दिनुभएको थियो । मन्त्री आलेमगरले आन्तरिक राजस्व वृद्धि गर्ने गरी विधेयक ल्याइएको बताउनुभयो । "राजस्व वृद्धि नगरिकन केन्द्रीय अनुदानमा मात्र भर पर्दा प्रदेशलाई स्थायीत्व दिन गाह्रो हुन्छ", उहाँले भन्नुभयो, "राजस्व बढाउने नाममा जनजीविकामा नै असर पुग्ने गरी कर लगाउनु पनि हुँदैन ।" मन्त्री आलेमगरले गैरकानूनी रुपमा सञ्चालनमा रहेका गिट्टीबालुवा प्रशोधन उद्योग दर्ताका लागि विशेष छुटको व्यवस्था गरिएको बताउनुभयो । उहाँले एक सय ५० सिसीसम्मको अपाङ्गतामैत्री स्कुटरमा कर निःशुल्क गरिएको उल्लेख गर्नुभयो ।

आर्थिक विधेयकमाथिको छलफल सकिएपछि आगामी आव २०८०/८१ को बजेट पारित गर्ने प्रक्रिया अगाडि बढ्नेछ । प्रदेशसभाको अर्को बैठक शुक्रबार बिहान ११ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

# कुरिलो खेतीप्रति आकर्षण बढ्दो

**रासस**
स्याङ्जा, २१ असार

पछिल्लो समय स्याङ्जाका किसान कुरिलो खेतीप्रति आकर्षित हुँदै गएका छन् । औषधिय गुण भएको कुरिलोको बजार मूल्य राम्रो भएपछि यहाँका किसान कुरिलो खेतीतर्फ आकर्षित हुँदै गएका हुन् ।

जिल्लाको पुतलीबजार, भीरकोट, वालिङ, चापकोट र गल्याङ नगरपालिका, फेदिखोला, आँधीखोला, बिरुवा, अर्जुनचौपारी, हरिनास र कालीगण्डकी गाउँपालिकामा कुरिलोको व्यावसायिक तथा निर्वाहमुखी खेती हुँदै आएको छ । यसमध्ये कालीगण्डकी र हरिनासमा कम खेती हुने गरेको छ । भीरकोट नगरपालिका-४ गैराथोकका रामचन्द्र रेग्मीले एकवर्ष अघि छायाछेत्र एग्रो एण्ड फार्म हाउस प्रालि दर्ता गरेर कुरिलो खेती सुरु गर्नुभएको थियो ।

उहाँको खेती अहिले फस्टाउँदै गएको छ । नौ रोपनी क्षेत्रफलमा फैलिएको फार्ममा कुरिलोसँगै स्टावेरी, मेवालगायत फलफूल पनि लगाउँदै आउनुभएको छ । रेग्मीले दैनिक १० किलोभन्दा बढी कुरिलो बिक्री गर्ने गरेको बताउनुभयो । "सिजन अनुसार कुरिलोको मूल्यप्रति किलो तीन सयदेखि तीन हजारसम्म पर्ने गर्दछ", उहाँले भन्नुभयो, "अहिलेसम्म साँढे तीन लाखको कुरिलो बिक्री गरिसकेको छु, अर्को वर्ष सात रोपनीमा खेती विस्तार गर्ने योजना बनाएको छु ।" रेग्मीले जमिन भाडामा लिएर घेराबार, बिरुवा, बीउ, मल, उपकरणलगायतमा रू ८० लाख बराबर खर्च गरिसकेको जानकारी दिनुभयो । "चितवनमा साथीले कुरिलो खेतीबाट मनग्ये आम्दानी गरेको देखेपछि यहाँ व्यावसायिक खेती सुरु गरेको छु", उहाँले भन्नुभयो, "उत्पादन राम्रो भइरहेको छ, बजार पनि फराकिलो बन्दै गएकाले अर्को वर्ष दैनिक ४० किलो उत्पादन गर्ने लक्ष्यका साथ काम गरिहेको छु ।" हाल रेग्मीको फार्ममा सात जनाले दैनिक रोजगारी पाएका छन् । कुरिलोले मात्र काम नपुग्ने भएपछि स्टावेरी, मेवा, उखु, सुन कागती, खरबुजा, स्याउ, बयर, सुकमेललगायत फलफूल परीक्षणका लागि लगाएको रेग्मीको भनाइ थियो । "उत्पादनको क्षेत्रमा काम गरेर राज्यलाई योगदान दिनुपर्छ भनेर कृषि कर्ममा लागेको हुँ", उहाँले थप्नुभयो, "कृषिको विकास र समृद्धिको लागि यन्त्रिकरणमा जोड दिनुपर्छ, कृषियन्त्र चलाउन सक्ने जनशक्तिको अभाव छ ।" दश जनाले गर्ने काम एकै जनाले गर्न सक्ने प्रविधि भित्रिए मात्र नेपालमा कृषि क्रान्ति सम्भव हुने रेग्मीले जिकिर गर्नुभयो ।

पुतलीबजार नगरपालिका-१४ की सारदादेवी ढकालले पनि चार वर्षदेखि कुरिलोको व्यावसायिक खेतीगर्दै आउनुभएको छ । नगरपालिकाले दिएको कुरिलो खेतीसम्बन्धी तालिम लिएपछि व्यवसायिक खेती सुरु गरेको उहाँले बताउनुभयो । ढकालले सारदा एकीकृत कृषि फार्म दर्ता गरेर साढे तीन सय बोट कुरिलो हुर्काइरहनु भएको छ । पहिलो र दोस्रो वर्ष आम्दानी लिन नसके पनि तेस्रो वर्षबाट मनग्ये आम्दानी लिन थालेको उहाँले बताउनुभयो । "खडेरीका कारण यस वर्ष उत्पादन ढिला भयो, हेरचाहा पुराउन सक्दा उत्पादन पनि राम्रो भएको छ", ढकालले भन्नुभयो, "स्थानीय बजारमा कुरिलोको महत्व नबुझेर अथवा महँगो भएर खासै बिक्री हुँदैन ।" बजारिकणमा समस्या नभए अर्को वर्ष मकै लगाउन छोडेर कुरिलो खेती विस्तार गर्ने योजना रहेको उहाँको भनाइ थियो । गल्याङ नगरपालिका-७ स्थित मझुवा नमुना कृषि उत्पादन केन्द्रले पनि एक वर्षदेखि कुरिलो खेतीलाई जोड दिँदै आएको छ । केन्द्रले दुई रोपनी क्षेत्रफलमा करिब दुई हजार कुरिलोका बोट लगाएको छ । यस वर्षदेखि उत्पादन लिन सुरु गरिएको केन्द्रका अध्यक्ष ललित थापाले जानकारी दिनुभयो । उहाँले परीक्षणका लागि लगाएको भए पनि उत्पादन राम्रो देखिएकाले खेतीलाई विस्तार गर्दै लैजाने बताउनुभयो । उहाँका अनुसार केन्द्रले कुरिलोसहित अन्य मौसम अनुसार विभिन्न तरकारीबाली उत्पादन गर्दै आएको छ ।

कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले जिल्लामा व्यावसायिक कुरिलो खेती गर्ने कम भए पनि घरमा खानका लागि कुरिलो लगाउने किसान धेरै भएको बताउनुभयो । उहाँले तीन वर्षयता कुरिलो खेती गर्ने किसानको सङ्ख्या जिल्लामा नै बढ्दै गइरहेको बताउनुभयो । "कुरिलो औषधिय गुण भएको तरकारी भएकाले पछिल्लो समय माग बढेको छ", प्रमुख हमालले भन्नुभयो, "व्यावसायिक रुपमा कुरिलो खेती गर्ने किसानलाई कृषि ज्ञान केन्द्रमार्फत सहयोग गर्दै आएका छौं ।" नयाँ आर्थिक वर्षमा कुरिलो खेतीप्रति कृषकको आकर्षण बढाउने खालका उत्प्रेरणा मुलक कार्यक्रम गर्ने उहाँको भनाइ थियो ।

# पहिराले दुई विद्यालय जोखिममा आग्रह

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ असार

केही दिनदेखि परेको अविरल वर्षाका कारण बागलुङमा दुई विद्यालय पहिरोको जोखिममा परेका छन् । निसीखोला गाउँपालिका-६ स्थित देउराली प्राथमिक विद्यालय र बडिगाड गाउँपालिका-५ दागस्थित थानापति आधारभूत विद्यालय पहिरोको जोखिममा परेका हुन् । विद्यालय पहिराको जोखिममा परेपछि पठनपाठनमा समस्या भएको छ । पहिरोले देउराली प्राविको भवनको जग्गा नै बगाउन थालेको छ भने थानापति आधारभूत विद्यालयको खेल मैदान बगाएको छ । अघिल्लो वर्षदेखि पहिरोको जोखिममा परेको देउराली प्रावि अहिले भवन नै बग्ने खतरा बढेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र घर्तीमगरले जानकारी दिनुभयो ।

# ज्योतिष विषयका अध्येताका लागि उपयोगी: ज्योतिःशतकम् बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

ज्योतिर्विद एवं कवि पिताम्बर पौड्यालको ज्योतिःशतकम् बजारमा आएको छ । पोखरा महानगरपालिका-३३ शिववस्ती निवासी उहाँको उक्त पुस्तकमा ज्योतिष विषयका विविध पक्षलाई समेट्ने प्रयास गरिएको छ ।

विभिन्न पाँच पल्लवमा विभाजित पुस्तक छन्दोबद्धः संस्कृत तथा नेपाली रचना हो । पौड्यालले ज्योतिषीय विश्लेषणसँगै संस्कृतमा उल्लेखित श्लोकलाई नेपालीमा अनुवाद गरी सरल र जो कोहीले बुझ्ने गरी प्रस्तुत गर्नुभएको छ । छ्यत्तर पृष्ठमा समेटिएको सो पुस्तकको प्रथम पल्लवमा उहाँले नक्षत्र एवम् राशिबारे उल्लेख गर्दै पञ्चाङ्ग र ज्योतिषको विश्लेषण गर्नुभएको छ । दोस्रो पल्लवमा ग्रह विश्लेषण, तेस्रो पल्लवमा षड्वर्ग विश्लेषण, चौँथो पल्लवमा संक्षिप्त फलादेश, लग्नादी बाह्र भावबाट प्रश्नावलोकन, भावेश फल, विभिन्न भावस्थित व्ययेश फल, उच्च नीच ग्रह फल र व्याधी मृत्युबारे चर्चा गरिएको छ । पाँचौँ पल्लवमा संक्षिप्त राशिफल, वैदिक सम्पदा र नीति श्लोक उल्लेख गरिएको छ । नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्यसचिव सूर्यप्रसाद ढुङ्गेलले "शिक्षाको सूत्र झैं सामान्यबाट जटिलतिर लम्केको यो पुस्तक विशेष गरेर ज्योतिष पेसा एवम् पुरोहित्याई गर्नेहरूका लागि र वालज्योतिषीलाई समेत बढी उपयोगी हुने बताउनुभयो । विसं २००८ जेठ ३१ गते भरतपोखरी - ६ बर माझथर(हाल पोखरा महानगरपालिका-३३) मा जन्मनुभएकास्वखडानन्द/जानुकाको छोरा पौड्यालको यस अघि ज्योतिषसम्बन्धी विभिन्न लेखरचना(२०७२), फलित पञ्चामृतम् पहिलो संस्करण(२०७३), दोस्रो संस्करण(२०७४) र तेस्रो संस्करण (२०७६) प्रकाशित भइसकेको छ । शैक्षिक, सामाजिक एवं राजनीतिक क्षेत्रका दर्जनौं सङ्घ संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका उहाँले यसअघि राष्ट्रिय शिक्षा समिति पुरस्कार (२०५२), अन्तर्राष्ट्रिय ज्योतिष भूषण पुरस्कार (२०५६) लगायत राष्ट्रिय एवम् स्थानीय पुरस्कार तथा सम्मान प्राप्त गरिसक्नुभएको छ ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १६ निवासी भारतीय भू.पू.से.नं. 140587T PO का लोक बहादुर गुरुङको पारिवारिक विवरण निम्नानुसार भएको व्यहोरा सिफारिस तथा अनुरोध छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, १६ नं. वडा कार्यालयको च.नं. ७१९८ मिति २०८०/०३/१५ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन अनुरोध छ ।

**तपसिल:**

| क्र.सं. | नाम थर | नाता | जन्ममिति | वैवाहिक स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | लोक बहादुर गुरुङ | पेन्सनर | २०१३/०३/०७ | २०३६/०९/१८ | |
| २. | हरि कुमारी गुरुङ | श्रीमती | २०१७/११/१५ | २०३६/०९/१८ | |
| ३. | मीना गुरुङ | छोरी | २०३९/११/३१ | विवाहित | |
| ४. | मनोज गुरुङ | छोरा | २०४६/०९/१६ | अविवाहित | |

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ स्थित दोपहरे(पुरानो टंकी) पँधेरास्वाँरा पैदलमार्ग निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः दोपहरे(पुरानोटंकी)पँधेरास्वाँरा पैदलमार्ग निर्माण
ठेगानाः पोखरा-२१, कास्की
योजना सम्झौता मितिः २०८०/०१/१२ गते
योजना सुरु मितिः २०८०/०१/१३ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१० गते
योजनाको कुल लागतः रु. ५,५६,४४७/७१
पोखरा महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनश्रमदानः रु. ५६,४४७/७१
उपभोक्ता समितिको अध्यक्ष : मैना देवी सुवेदी
मो. (९८०७६३५५०५)
जम्मा सदस्य संख्या ९ जनाः महिलाः ३ पुरुषः ६ जना

**दोपहरे (पुरानो टंकी) पँधेरास्वाँरा पैदलमार्ग निर्माण उपभोक्ता समिति पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ स्थित भिरस्वारा बहुउद्देशीय समाज घर निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः भिर स्वारा बहुउद्देशीय समाज घर निर्माण
ठेगानाः पोखरा-२१, भिरस्वारा
योजना सम्झौता मितिः २०८०/२/०९ गते
योजना सम्पन्न भएको मितिः २०८०/३/१५ गते
योजनाको कुल लागतः रु. ३,३६,०००/-
वडा नं. २१ वडास्तरी बजेटः रु. ३,००,०००/-
जनसहभागिताः रु. ३६,०००/-
उपभोक्ता समितिको अध्यक्ष : राजेन्द्र पौडेल
(९८४६०५१७५०)
उपभोक्ता समिति सदस्य संख्याः ७ जना पुरुषः ४, महिलाः ३

**भिरस्वारा बहुउद्देश्यीय समाज घर निर्माण उपभोक्ता समिति पोखरा-२१, भिरस्वारा, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १५ राती खहरे खोलामा तटबन्धन योजनाको कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः राती खहरे खोलामा तटबन्धन योजना
(कर्मचारी स्वर्णिम अवकाश योजना)
ठेगानाः पोखरा-१५, राती खहरे खोला
योजना सुरुहुने मितिः २०८०/०३/११ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/२० गते
योजनाको कुल लागत : रु. १०,३२,०००।-
जम्मा खर्च लागत : रु. ६,०२,१७५/७७
महानगरपालिकाबाट : रु. १०,३२,०००।-
उपभोक्ता समिति अध्यक्षः दुर्गा कुमारी मल्ल, उपाध्यक्षः डोलेन्द्र मल्ल, सचिवः लक्ष्मण जि.सी. कोषाध्यक्षः जमुना घर्ती,
सदस्यः बुद्धि बहादुर बानियाँ, निर्मला खड्का (अछामी), रामेश्वर वानियाँ अनुगमन समितिः तेरण बहादुर बानिया वडा अध्यक्ष-१५, बलाराम पौडेल वडा सदस्य, तारा खत्रीः सदस्य

**राती खहरे खोला तटबन्धन नियन्त्रण योजना उपभोक्ता समिति पोखरा-१५, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ मा फुर्सेखोला सामुदायिक भवनमा शौचालय निर्माण तथा मर्मत गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः फुर्सेखोला सामुदायिक भवनमा शौचालय निर्माण तथा मर्मत
योजना सम्झौता मिति : २०८०/०१/ ३१ गते
योजना सुरु मिति : २०८०/०२/०१ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१० गते
योजना सम्पन्न भएको मिति : २०८०/०३/२१ गते
योजनाको कुल लागत : रु ६,००,८००/८७
महानगरपालिका बाट : रु ६,००,०००/-
सदस्य संख्या : महिला ४ जना पुरुष ७ जना
अध्यक्ष : भागिरथ पौडेल (९८४६१९८२१५)

**फुर्सेखोला सामुदायिक भवन निर्माण तथा मर्मत उपभोक्ता समिति, पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २५ हेमजा स्थित वडा कार्यलय स्थान्तरण व्यवस्थापन तथा निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः वडा कार्यलय स्थान्तरण व्यवस्थापन तथा निर्माण
ठेगानाः पोखरा-२५, हेमजा चौर, कास्की
योजना सुरु मितिः २०८०/०२/०९ गते
योजना सम्पन्न भएको मितिः २०८०/०२/२१ गते
योजनाको कुल लागतः रु. २०,००,०००/-
योजनाको कुल लागतः रु. २०,००,०००/-
उपभोक्ता समिति अध्यक्षः भोजराज पौडेल (मो.९८५६०२९७१२)
उपभोक्ता समित संख्याः ११ जना महिला ३, पुरुषः ८ जना

**वडा कार्यालय स्थान्तरण व्यवस्थापन तथा निर्माण उपभोक्ता समिति पोखरा-२५, हेमजा, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ मा युवा वर्ष आधारभूत विद्यालयमा सार्वजनिक शौचालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः युवा वर्ष आधारभूत विद्यालय सार्वजनिक शौचालय निर्माण
योजना सम्झौता मिति : २०८०/०२/ २५ गते
योजना सुरु मिति : २०८०/०२/२६ गते
योजना सम्पन्न हुने मितिः २०८०/०३/१५ गते
योजना सम्पन्न भएको मिति : २०८०/०३/२१ गते
योजनाको कुल लागत : रु ५,००,८२०/-
महानगरपालिका बाट : रु ५,००,०००/-
सदस्य संख्या : महिला ३ जना पुरुष ४ जना
अध्यक्ष : नारायण प्रसाद सुबेदी (९८४६७११५८७)

**युवा वर्ष आधारभूत विद्यालय सार्वजनिक शौचालय निर्माण समिति, पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २५ स्थित विष्णु पादुका खेल मैदान स्मार्ट शौचालय निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः विष्णु पादुका खेल मैदान स्मार्ट शौचालय
ठेगानाः पोखरा-२५, हेमजा, कास्की
योजना सुरु मितिः २०८०/०२/२१ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१५ गते
योजनाको कुल लागतः रु. २५,००,०००/-
जम्मा खर्चः १२,२०,४७४।-
पोखरा महानगरपालिकाबाटः रु. २५,००,०००/-
उपभोक्ता समितिको अध्यक्षः दान बहादुर थापा मो. (९८४६०३३८११)
सदस्य संख्या : महिला ३ जना पुरुष ८ जना

**विष्णु पादुका खेल मैदान स्मार्ट शौचालय निर्माण उपभोक्ता समिति पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

नेपाल पर्यटन वोर्ड र पोखरा महानगरपालिकाको Maching fund मा, पोखरा महानगरपालिका वडा नं. ११ मा आ.व.०७९/०८०मा विनियोजन भएको रकमबाट फूलबारी मणिपाल काहुँ धरहरासम्म सिढी बाटोको खर्च विवरण सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः मणिपाल काहुँ धरहरा पदमार्ग निर्माण
ठेगानाः पोखरा-११, काहुँ, कास्की
योजना सम्झौता मितिः २०८०/०१/१५ गते
योजना सुरु मितिः २०८०/०१/१७ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/३१ गते
योजनाको कुल लागतः रु. २०,४१,५०८/-
नेपाल पर्यटन वोर्ड : रु १५,००,०००/-
पोखरा महानगरपालिका : रु ३,७५,०००/- (Maching fund)
जनसहभागिताः रु.१,६६,५०८/-
उपभोक्ता समितिको अध्यक्ष : तिर्थ बहादुर बस्नेत सचिवः कुमार क्षेत्री

**फूलबारी मणिपाल काहुँ धरहरा सिडीबाटो निर्माण उपभोक्ता समिति पोखरा-११, काहुँ, कास्की**